# तारकेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०७५।०७६ को प्रस्तावित नीति तथा कार्यक्रम

मिति : २०७५।०३।१०

# क्षेत्रगत निति तथा कार्यक्रम

- यस गाउँपालिकाको सांगठनिक संरचनालाई व्यवस्थित गर्न तथा गाउँपालिकाको स्थायीसंरचना नभएकाले दैनिक प्रशासनिक तथा विकास कार्यमा अवरोध भएको विदितै छ, तसर्थ गाउँकार्यपालिकाको कार्यालय भवन निर्माण यसै आर्थिक वर्षबाट सुरु गरिनेछ। त्यस्तै गाउँपालिका रहेका ६ वटा वडा मध्ये ५ वटा वडामा कार्यालय भवन नभएको हुँदा यस आर्थिक वर्ष भित्र सम्पूर्ण वडामा कार्यालय भवन निर्माण गरिने छ ।
- देश संघीय संरचनामा प्रवेश गरेको यो परिवेशमा जनतासँग प्रत्यक्ष सरोकार राख्ने स्थानीय सरकार भएको हुँदा जनताहरुको सु–सूचित हुने अधिकारको सुनिश्चित गर्दै जनताहरुले पाउने सेवा तथा सुविधाहरु अत्यधिक जनमूखि बनाउने तथा सेवा सुविधा प्राप्तिको लागि नागरिक बडापत्रको व्यवस्थापन गर्दै सुचना अधिकारीको व्यवस्था गरिनेछ । गाउँपालिकामा आर्थिक वर्ष ०७५/७६ को सवै विषयगत कार्यालयको वार्षिक कार्यक्रमका लागि संघ तथा प्रदेशबाट प्राप्त सशर्त अनुदान तथा चालु खर्च समेतको क्रियाकलाप गाउँपालिका अध्यक्ष वा उपाध्यक्षबाट स्वीकृत गराएर मात्र  कार्यान्वयन गर्ने गराउने नीति लिइनेछ ।
- जनताहरुको अनिवार्य सेवा प्राप्ति अधिकारलाई सुनिश्चित गर्न तथा सुशासनको प्रत्याभूत गर्न यस कार्यालयमा कार्यरत कर्मचारीहरु,जनप्रतिनिधिको वृति विकास गर्न तालिम, गोष्ठी, अध्ययन अवलोकन भ्रमणको आयोजना गरिनेछ ।

**२) सामाजिक विकास :–**

**क) शिक्षा :–**

- यस गाउँपालिका भित्र रहेका विद्यालयहरुलाई भौतिक पूर्वाधार सुविधा सम्पन्न बनाइने छ। शैक्षिक गुणस्तर अविवृद्धिका लागि शिक्षकहरुका लागि तालिमको व्यवस्था गरिने निति लिइएको छ  तथा भौगोलिक अवस्था, विद्यार्थी संख्यालाई ध्यानमा राखी विद्यालय समायोजन गर्दै शैक्षिक गुणस्तर वृद्धि गर्ने आवश्यक पहल गरिने छ । साथै विद्यार्थी भाई–बहिनीहरुलाई अध्ययनशिल बनाउनका लागि विगत वर्ष देखि यस गाउँपालिका भित्रका विद्यालयबाट SEE परीक्षामा सबै भन्दा बढि GPA ल्याउने प्रथम छात्रछात्रा तथा विद्यालयहरुलाई दिइएको प्रोत्साहन पुरास्कारलाई निरन्तरता दिइनेछ ।
- शैक्षिक गुणस्तर कायम गराउन कक्षा कोठाको उचित व्यवस्थापन गरिनेछ । यस तारकेश्वर गाउँपालिकाको प्रमुख पेशा कृषि भएकोले कृषिलाई आधुनिकरण गर्न आवश्यक कदम चाल्दै प्राविधिक शिक्षालय स्थापना गर्ने पहल गरिने छ । गाउँपालिका स्तरीय परिक्षा संचालन गर्दै यसको रेकर्ड अध्यावधिक गर्नका लागि software को व्यवस्था गरिनेछ ।

- शैक्षिक गुणस्तर विकास गर्न अंग्रेजि माध्यमको शिक्षण विधिलाई प्रोत्साहन गर्दै निरन्तरता दिइनेछ
- गाउँपालिका स्तरीय बाल परामर्श केन्द्र स्थापना गरिनेछ ।
- यस तारकेश्वर गाउँपालिकामा बालबालिका क्षमता विकासका निम्ती वालक्लव गठन गर्न प्रोत्साहन गरिनेछ ।
- तारकेश्वर गाउँपालिका भित्र अध्ययन गर्ने लक्षित समूह र अल्पसंख्यक, लोपोन्मूख, बाल बालिकाहरुका लागि दिवा खाजाको व्यवस्था गरिने छ ।
- यस गाउँपालिका भित्र सामुदायिक सिकाई केन्द्र संचालन गर्ने नीति लिइनेछ । यस गाउँपालिकाले संचालन गर्ने कक्षा ८ को परीक्षाको लागि खर्च व्यवस्थापन गरिने छ ।
- यस तारकेश्वर गा.पा.मा रहेका माध्यमिक विद्यालयहरुका विज्ञान प्रयोगशाला शैक्षिक विकासका लागि आवश्यक शैक्षिक सामाग्रीको उचित व्यवस्थापन गर्ने नीति लिइने छ ।
- टुहुरा, असहाय, अनाथ, द्धन्दपिडित बालबालिकाहरुलाई पुनःस्थापना गर्नको लागि बालगृह संचालन गर्ने पहल गर्दै विद्यालय भर्ना कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- प्रत्येक विद्यालयमा विद्युतिय हाजिर गर्ने व्यवस्था मिलाइने छ ।
- यस गाउँपालिका भित्र रहेका विद्यालयहरुमा स्वच्छ खानेपानी र सार्वजनिक शौचालय निर्माण गर्ने नीति लिइनेछ ।
- प्रत्येक विद्यालयका छात्रछात्रालाई समेटी खेलकुद आयोजना गर्न विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ । यस गाउँपालिका भित्र एउटा गाउँपालिका स्तरीय खेल मैदान निर्माण गरिनेछ साथै यसै आर्थिक वर्षमा अन्तर पालिका स्तरीय खेलकुद कार्यक्रम अयोजना गरिने छ ।
- मदन भण्डारी प्राविधिक शिक्षालय बनाउने नीति अवलम्बन गरिनेछ।

**ख) युवा तथा खेलकुदः–**

- यस गाउँपालिका स्तरीय रनीङसिल कार्यक्रम आयोजना गर्ने नीति लिइनेछ ।
- बढ्दो वैदेशिक रोजगारलाई मध्यनजर गर्दै यस गाउँपालिका भित्रका युवाहरुलाई स्वरोजगार बनाउनका निमित्त व्यवसायक सिप मुलक कार्यक्रमहरुको खोजी गरि कार्यन्वयन गर्न आवश्यक पहल गरिनेछ ।
- युवाहरुलाई सामुहिक कृषि प्रति उत्साहित बनाउन आवश्यक पहल गरिनेछ ।

**ग) विज्ञान तथा प्रविधि :–**

- यस गाउँपालिकाको विज्ञान तथा प्रविधिको विकासका निमित्त IT HUB को स्थापना गरी कम्प्युटर तालिम तथा सिपको विकास गरिनेछ । सुचना प्रवाहका निमित्त तत्काल डिजिटल नोटिस बोर्ड स्थापना र गाउँपालिकाभित्र रहेका माध्यमिक विद्यालयहरुमा विज्ञान प्रविधि सम्बन्धि विशेष कार्यक्रम गर्ने नीति लिइनेछ ।

**घ) स्वास्थ्य तथा जनसंख्याः–**

- ‘‘पूर्ण सरसफाईयुक्त हाम्रो घर,सभ्य निरोगी समाज तारकेश्वर’’ नाराका साथ गाउँपालिका भित्र रहेका स्वास्थ्य चौकीहरुलाई जनचाहना अनुसार सेवा प्रवाह गर्नका लागि प्रोत्साहन गरिनेछ । वडा नं. २ र वडा नं. ६ मा स्वास्थ्य चौकी– स्थापना गर्नका लागि आवश्यक पहल गरिनेछ । स्वास्थ्य चौकी स्थापना नभए सम्मका लागि सर्वसाधारण जनताको स्वास्थ्यको अधिकार सुनिश्चित गर्न थप स्वास्थ्य कर्मचारीको व्यवस्थापन गरिनेछ । साथै यस गाउँपालिकाको वडा नं. ३ मा संचालित स्वास्थ्य चौकीलाई सुरक्षित वर्थिङ सेन्टर संचालन गर्न एक MBBS डाक्टरको व्यवस्था गर्दै ल्याव संचालन गरिनेछ । मातृ शिशु कार्यक्रम संचालनको लागि सुत्केरी भत्तालाई निरन्तरता दिइनेछ । महिला स्वयंसेवीकाको लागि आवश्यक भत्ताको व्यवस्था गरिएको छ । स्त्री रोगसँग सम्बन्धित शिविर संचालन गरिनेछ साथै आँखा, दाँत शिविर र स्थायीवन्ध्याकरण शिविर संचालन गरिने छ ।

**ङ) लैगिक समानता सामाजिक समावेशीकरणः–**

- महिलाहरु माथि हुने विभिन्न खाले हिंसा अन्त्य गर्नका लागि तालिम गोष्ठी साथै सचेतना मुलक कार्यक्रम संचालन गरिनेछ । सामाजिक समावेशीकरणका लागि यस गाउँपालिका भित्र रहेको महिला दलित, जनजाति, पिछडा वर्गलाई अगाडी बढाई मुल धारमा ल्याउनका लागि शैक्षिक चेतना, सिप विकास तालिम र आय आर्जन हुने खालका तालिमको व्यवस्था गरिनेछ । उक्त समुहको आर्थिक विकासका लागि आधुनिक कृषि प्रणालीमा लैजान उत्प्रेरित गरिनेछ ।

**च) सरकारी तथा गैरसरकारी संघ संस्था :–**

- सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले यस तारकेश्वर गाउँपालिकामा कुनै पनि कार्यक्रम गर्नु पूर्व गाउँपालिकासँग पूर्व स्वीकृत लिई गाउँपालिकाको अनुमतिमा जनचाहना अनुरुपको कायक्रम संचालन गर्न पाउनुको साथै कुनै पनि कार्यक्रम संचालन गर्दा उक्त कार्यक्रमको बजेट एकद्धार प्रणालीबाट गर्ने नीति लिइएको छ । यस गाउँपालिकाका गैर सरकारी संस्थाको कार्यक्रम गर्दा सम्पत्ति विवरण सहित सम्पूर्ण कागजात गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

**३) उद्योग वाणिज्य श्रम, रोजगार तथा बजार व्यवस्थापनः–**

- यस गाउँपालिकामा उद्योग धन्दा संचालन गर्नको लागि उद्योग मैत्री वातावरण सृजना गर्न आवश्यक पहल गरिनेछ । यस गाउँपालिका भित्र व्यवसायिक वातावरण सृजना गरिनेछ । श्रमिकहरुलाई उचित सम्मान गर्दै यस गाउँपालिका भित्र श्रममा तल्लिन महिलाहरुलाई श्रम कदर गर्दै सिप विकासमा प्राथमिकता दिइनेछ । यस गाउँपालिकामा संचलित उद्योग तथा आयोजनाहरुमा अनिवार्य रुपमा यस गाउँपालिका बासिहरुलाई सिप र क्षमता अनुसारको रोजगारी दिनुपर्ने गरि नीति अवलम्बन गरिनेछ ।

- मागाउँपालिकाका सबै वडाहरुमा सुपथ मूल्य पसल खोल्नका लागि कृषि सहकारीहरुलाई प्रोत्साहित गरिनेछ । यस गाउँपालिका भित्र उत्पादित कृषि उपजको बजार व्यवस्थापनको आवश्यक पहल गरिनेछ ।
- यस गाउँपालिका भित्र संचालित किराना पसल, होटल, कुटानीपिसानी मिल, फर्निचर उद्योग, कस्मेटिक औषधि पसल, एग्रोभेट चिया पसल यस आर्थिक वर्षको आश्विन मसान्त भित्र अनिवार्य दर्ता गर्नुपर्ने नीति लिइनेछ ।

**४) कृषि, सिंचाई, सहकारी र गरिबी निवारणः–**

- कृषि पेशालाई मर्यादित बनाउन यस गाउँपालिकाले हर सम्भव योजना निर्माण गरि कृषिलाई आधुनिकरण गर्ने प्रयत्न गर्नुका साथै प्रत्येक घरमा फलफुलको विरुवा रोप्नुपर्ने कार्यक्रम अघि बढाइने छ । उक्त फलफुलको विरुवा गाउँपालिकाले उपलब्ध गराउने छ । यस गाउँपालिका भित्र रहेका सिंचित फाँटहरु दर्शनटार, तारुकाटार, पिमलटार, खोलेबेसि, हल्लेफाँट,मजुवाफाँट,ढाँडाखर्क जस्ता अति उर्वरशिल भुमिहरुमा खाद्य वाली तथा नगदेवाली उत्पादन गर्न प्रोत्साहित गर्दै उन्नत विउविजन तथा आधुनिक कृषि प्रणाली आवद्ध गर्न पहल गरिनेछ । यस गाउँपालिका भित्रका सबै वडाका किसानहरुलाई आवश्यक ज्ञानका लागि तालिम तथा अवलोकन भ्रमणको लागि आवश्यक पहल गरिनेछ । विशेष उत्पादन गर्न चाहने कृषकहरुलाई प्रोत्सहन स्वरुप बालीविमा, पशुविमा जस्ता विशेष कार्यक्रम संचालन गरिनेछ । कृषि समुह गठन गरि गाउँपालिकामा दर्ता गरि फलफुल, तरकारी तथा खाद्य वाली लगाउने किसानहरुलाई प्रोत्साहित गरिनेछ । त्यस्तै जिवनोपयोगी मह उत्पादन गर्न मौरीपालक किसानहरुलाई प्रोत्साहित गरिनेछ । तेलहन खेतीको अवधारण विकास गरिनुका साथै बचत तथा ऋण सहकारी संस्थाको हकमा सदस्य सुसिजीत कार्यक्रम अगाडी बढाइनेछ ।
- कृषि सहकारी मार्फत जनताको जिवीको पार्जनको लागि सहज बनाउने नीतिलाई अगाडाइनेछ ।
- यस तारकेश्वर गाउँपालिका भित्रका कृषि योग्य जमिनको लागि थोप सिंचाई नहर सिंचाई र लिफ्ट सिंचाइको व्यवस्थापन गर्नका लागि बजेट व्यवस्थापन गर्ने नीति लिइएको छ ।

**५) पर्यटन प्रवर्द्धनः –**

- नेपालको विकासमा पर्यटनको माध्यमबाट  छिटो सम्भावना भएको हुँदा उक्त कुराबाट यस गाउँपालिका पनि अछुतो रहने कुरै भएन त्यसैले यस गाउँपालिका भित्रका पर्यटकीय सम्भावना बोकेका स्थानहरुको पहिचान गरि वडा नं. ६ को ऐतिहासिक कोट फिरकोट,भूमिस्थान मन्दिर, पर्यटकीय स्थल ढिंकी जाँतो चूली,जन्तरे गढी, काफ्ल पानी, फ्लाटे डाँडा, तारुका घाटको तारकेश्वर मन्दिर ऐतिहासिक तारुका गोरु जुधाई मेलालाई व्यवस्थित ढंगले विकास गर्दै आन्तरिक तथा बाह्य पर्यटकका लागि होमस्टे–(पाहुना घर) संचालन गर्नका निम्ति पहल गरिनेछ ।
- तारकेश्वर–६ फिर्केपकोट ढिकी जाँतो चुलीमा भ्युटावर निर्माण गर्न पहल गरिनेछ ।

**६) सुचना तथा संचार :–**

- जनताको सुचनाको हकलाई मध्यनजर गर्दै यस गाउँपालिका, वडा कार्यालय अन्य सरकारी निकायहरुमा नागरिक वडा पत्र, उजुरी पेटीका, सुचना पाटी राख्ने नीति लिइनेछ साथै चौमाषिक सार्वजनिक सुनुवाइ र स्थानीय संचार माध्यमहरुको अधिकतम उपयोग गर्ने नीति लिइएको छ। साथै यस आर्थिक वर्ष देखि बजेट पुस्तिका सार्वजनिक गर्ने नीति लिइएकोछ।

**७) खानेपानी तथा सरसफाई :–**

- यस गाउँपालिकामा खानेपानीको सहज आपूर्तिका लागि १ घर १ धाराको नीति लिइएको छ। मुहान नभएको वस्तीहरुका लिफ्टिङ सिस्टमबाट खानेपानी आपूर्ति गर्ने नीति लिइनेछ। खानेपानी योजनाहरु सुरक्षित भण्डारका लागि शुद्धिकरणको उपायहरु अवलम्बन गरिनेछ।
- उपभोक्ताको खानेपानी आवश्यकतालाई मध्यनजर गर्दै मुलहरुको पहिचान गरि आवश्यकता परिपुर्ति गर्ने नीति लिइनेछ।

**८) सडक तथा भौतिक पूर्वाधार :–**

- यस गाउँपालिकाका ६ वटै वडाबाट गाउँपालिका कार्यालय सम्मको सहज आवागमनका लागि सडक निर्माण,स्तरोन्नति तथा कालेपत्रे गर्ने नीति लिइएको छ। यस गाउँपालिकाका ६ वटै वडा कार्यालय भवन साथै अत्याधुनिक गाउँपालिका भवन बनाउन नीति लिइएको छ। यस गाउँपालिका भित्र रहेका सबै सडकहरुको बाह्रै महिना सडक संचालन हुने गरि स्तरोन्नति गर्ने नीति लिइएको छ।
- यस गाउँपालिकाका तथा वडा कार्यालयको भवन निर्माण गर्न सडक यातायातको पँहुच उपयुक्त भूगोल जनसंख्या आदिको आधारका विच पर्ने गरी आवश्यक जग्गा निःशुल्क दान गर्न चाहनु हुने जग्गा दाता महानुभावहरुसँग आह्वन गर्ने नीति लिइने छ।

**९) विद्युत र उर्जा :–**

- यस गाउँपालिकाका सबै बस्तीमा काठे पोल विस्थापन गर्दै फलामे पोल उपयोग गर्ने नीति लिइएको छ  साथै यस गाउँपालिका भित्रका घना वस्ती एरियामा सडक बत्ती जडान गर्ने नीति लिइएको छ।
- यस गाउँपालिका भित्रका सबै घरधुरीमा वायोग्यास जडान गर्ने नीति लिइएको छ। यसमा दलित, जनजाति, अपाङ्ग,एकल महिला,अल्पसंख्यक, पिछडा वर्गका हकमा विशेष कार्यक्रम ल्याउने नीति लिइएको छ।
- एकिकृत बस्ती विकासका लागि भूगर्वविदको समन्वयबाट स्थान छनौट गरिनेछ। वस्ती विकास गर्दा यस गाउँपालिका भित्रका खेतीयोग्य उवर्राशिल जमिन भवन निर्माण प्रयोजनमा प्रयोग नगर्ने नीति लिइएको छ। यस गाउँपालिका भित्र रहेका विर्ता, गुठी जस्ता जग्गा "जसको जोत उसको पोत" को नीति लिइएको छ।
- शहर उन्मूख वस्तीहरुलाई शहरीकरण गर्ने नीति लिइनेछ।

**१०) जेष्ठ नागरिक सम्मान कार्यक्रमः–**

- नेपालको कानूनले तोके अनुसारका जेष्ठ नागरिकहरुलाई सम्मान गर्ने नीति लिइनेछ । मुटु रोगी,मृगौला पिडित, क्यान्सर पिडित,मेरुदण्ड भाँचिएको, वोनम्यारो क्यान्सर जस्ता जटिल रोगका पिडितहरुको लागि उपचार गर्न जाँदा लाग्ने खर्च आर्थिक सहयोग गर्ने नीति लिइनेछ । साथै एकल महिला तथा अति असहायका विषयमा पनि आर्थिक सहयोग गर्ने नीति लिइनेछ ।

**११) महिला :–**

यस गाउँपालिकाको प्रत्येक वडाहरुमा महिलाहरुको आय आर्जनको लागि कम्तिमा २० जना सम्मका लागि सिलाई कटाई तालिम दिने नीति लिइनेछ ।

यस गाउँपालिका का प्रत्येक वडाका महिलाहरुको क्षमता अभिवृद्धि गर्नका लागि कृषि,भेटेनरी,बाख्रा पालन, मौसमी तथा बेमौसमी तरकारी खेती गर्न प्ररित गर्न नीति लिइने छ ।

- यस गाउँपालिकामा रहने न्यायिक इजलासको उचित व्यवस्थापन गरि बजेट विनियोजन गर्ने नीति लिइनेछ ।

**१२) पुलः–**

- यस गाउँपालिका भित्र पर्ने त्रिशुली नदि तथा विभिन्न खोलाहरुमा पक्की पुल निर्माण गर्ने नीति लिइनेछ ।

**१३) घरेलु तथा साना उद्योग :–**

- यस गाउँपालिका भित्र घरेलु तथा साना उद्योग स्थापना गर्ने नीति लिइनेछ।

**१४) जलाधारः–**

- गाउँपालिका भित्र रहेका जलाधार–पुराना, ढुङ्गे धारा, पोखरी,कुवा, तालतलैयाको संरक्षण गर्दै उचित व्यवस्थापन गर्ने नीति लिइनेछ ।

**१५) जल उत्पन्न तथा प्रकोप नियन्त्रण :–**

- यस गाउँपालिकामा रहेका त्रिशुली नदि,गुराँसे भ्याउरे खोला तथा छत्रेखोला ढाँडखर्क खोला लगायतको खोला तथा नदि कटान नियन्त्रण गर्न आवश्यक नीति लिइनेछ ।

**१६) संस्कृति प्रर्वधनः–**

- यस गाउँपालिका भित्र रहेका मठ मन्दिर, पाटी पौवा, चर्च, गुम्वा, संग्रालयहरु उचित व्यवस्थापनको नीति लिइनेछ ।

**१७) बालबालिका तथा जातिय विभेदः–**

- वालविवाह,बहु विवाह, महिला हिंसा, जाँठ, रक्सी, जुवा तास, जातिय छुवाछुत, दाइजो,बोक्सी जस्ता कु–प्रथाको विरुद्ध जनचेतना मुलक कार्यक्रमको नीति लिइनेछ ।
- जातीय विभेद छुवाछुत अन्त्य गरि गाउँपालिका स्तरीय दलित जागरण अभियान कार्यक्रम गरिनेछ ।

**१८) वातावरण संरक्षण तथा हरियालि प्रवर्धन :–**

- जैविक विविधताले भरिपूर्ण यस तारकेश्वर गाउँपालिकको प्रमुख चुनौती भनेको जलवायू परिवर्तनको असर रहेकोले सो असर न्यूनिकरणको लागि अव्यवस्थित रुपमा सञ्चालन हुने उद्योग धन्दा तथा खानी सञ्चालनलाई व्यवस्थित गरि नाङ्गो डाँडामा व्यवसाय जन्य बनस्पतिको वृक्षारोपन गरी हरियाली कायम गरि व्यावसाय जन्य वनस्पतिको विकास गर्ने नीति अवलम्बन गरिएको छ । जसमध्ये पहिरोजन्य क्षेत्रमा बाँस,निगालो लगाउने, ग्रामिण सडकको दाँयाबाँयाको नयाँ माटोमा अमृसो, वावियो आदि लगाउने । वडा नं. १,३,५र६को माथिल्लो भेगमा लप्सीको नर्सरी स्थापना गरी सल्लो प्रतिस्थापन गर्ने नीति लिइएको छ । दाउरा खपत कम गराउन गोबर ग्यास प्लान्टका लागि थप अनुदान दिइनेछ ।

**१९) फोहोर मैला व्यवस्थापनः–**

- यस गाउँपालिका खुल्ला दिशामुक्त क्षेत्र घोषण भै सकेको वर्तमान परिपेक्षमा गाउँ बासीको बढी आवतजावत हुने क्षेत्र जस्तै वडा नं २ को तारुघाट, वडा नं ३ को जोर चौतारा, वडा नं ४ को भिमसेनथामा सार्वजनिक सौचालय निर्माणको लागि पहल गरिनेछ ।
- गाउँको सौन्दर्यता संरक्षण तथा विकासको लागि आवश्यक पहल गरिने छ ।
- वन संरक्षण तथा व्यवस्थापन यस गा.पा. भित्र रहेका उपभोक्ता समूहमा हस्तान्तरित सामुदायिक वन तथा हस्तान्तरण हुने प्रकृयामा रहेका सा.व. बाट प्रतिनिधित्व हुने गरी गाउँपालिका स्तरीय संजाल गठन गरी उपलब्ध कार्य योजनालाई दृष्टिगत गर्दै वन व्यवस्थापन संरक्षण, बृक्षरोपण, नर्सरी सञ्चालन गर्दै कवुलियती बनको अवधारणका लागि गर्ने लक्ष्य लिइएको छ । साथै सिमसार क्षेत्र पहिचान गरी अलैची जस्ता नगदेवालीका लागि प्रोत्साहन गरिनेछ, कूरिलो,अमला,हर्रो,कटुस जस्ता प्रजातीको संरक्षणका लागि आवश्यक कदम उठाइने छ ।

**२०) विपद पूर्व तयारी :–**

- भूकम्प,बाढी पहिरो, खडेरी महामारी आदि दैवी विपत्तीको सामाना गर्न आवश्यक जनचेतना फैलाउने क्रियाकलाप संचालन गरिनेछ । यसका लागि संचार माध्यम, सडक नाटक, घरदैलो कार्यक्रम आदि संचालनको पहल गरिनेछ ।

**२१) पशुपंक्षि विकाश :–**

- तारकेश्वर गाउँपालिकमा कृषिमा आश्रीत परिवारको बाहुल्यता रहेको तथा कृषि र पशुपालन विच अन्तर सम्बन्ध रहेकोले पशुपालनलाई प्राथमिकता दिइनेछ। जस मध्ये व्यायसायिक कुखुरा पालन गर्न अभिप्रेरित गरिने छ । बाखा पालन गरी मासुमा आत्मनिर्भर बन्ने योजनालाई निरन्तरता दिइनेछ। दुध जन्य पेशामा संलग्न पशुपालक कृषक समुहलाई प्रोत्साहन गरिने छ। यस आर्थिक वर्ष बाट व्यावसायिक रुपमा कुखुरा,हाँस,बाखा,गाई, भैंसी,बङ्गुर पालक कृषकलाई पशु विमा गराउन अभिप्रेरित गरिनेछ । यसबाट कृषकको आर्थिक जोखिम कम हुने आशा गरिएको छ। साथै पशुमा नश्ल सुधार,कृषक तालिम, घाँसको बीउ वितरण आदि क्रियाकलाप गरिनेछ।
- यस गाउँपालिका भित्र ५० वटा माथि बाखा पालन गर्ने कृषक र ५ वटा भन्दा बढी गाई भैसि पालन गर्ने कृषकलाई अनुदानको उचित व्यवस्था गरिनेछ

**२) नागरिकको आय आर्जन सम्बन्धि:–**

- “सम्बृद्ध तारकेश्वर सुखी तारकेश्वर” वस्तीको दिर्घकालिन लक्ष्य हासिल गर्न सबै युवायुवतीको हातहातमा सिप पुर्‍याउने नीति लिइएको छ । जसमा सिलाइ, बुनाई, सिकर्मी, डकर्मी, अचार बनाउने, झोला बुन्ने सिप मुलक जस्ता तालिम संचालन गरि नागरिकको आय आर्जनमा टेवा पुर्‍याउने लक्ष्य लिएको छ ।

**२३) स्रोत पहिचान** :–

- संघ र प्रदेशबाट प्राप्त रकमको साथै गा.पा. भित्रका ढुङ्गा,गिटी,बालुवा आदि बाट प्राप्त हुने कर, सामुदायिक वनमा हटाउनु पर्ने जिर्ण बोटहरु हटाई प्राप्त हुने राजस्व, उद्योग धन्दा, नविकरण,मलपोत घटना दर्ता वा सिफारिसबाट प्राप्त हुने शुल्क यस गा.पा. का आम्दानीका स्रोत पहिचान गरिएको छ ।

यस सभाका सभाअध्यक्ष ज्यू, मैले यस गरिमामय गाउँसभामा प्रस्तुत गरेको नीति तथा कार्यक्रमलाई बजेटको व्यवस्था गरी पेश गर्ने अनुमति चाहन्छु ।